आज मिति २०८१।०३।०६ गते यस कपुरकोट गाउँ कार्यपालिकाको ११२ औं बैठक गाउँपालिकाका अध्यक्ष श्री दुर्गा बहादुर पुनज्यूको अध्यक्षतामा पालिकाको बैठक कक्षमा बसी तपसिल बमोजिमको उपस्थितिम तपसिल प्रस्तावहरु माथि छलफल गरि निर्णयहरु गरियो ।

उपस्थिति:

| क्र.सं. | पदाधिकारीको नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री दुर्गा बहादुर पुन | अध्यक्ष | |
| २ | श्री प्रकाश भरारी | सदस्य | |
| ३ | श्री बालाराम खड्का | सदस्य | |
| ४ | श्री ईश्वर बुढा | सदस्य | |
| ५ | श्री प्रदिप खड्का | सदस्य | |
| ६ | श्री मित्रलाल कठायत | सदस्य | |
| ७ | श्री होम बहादुर खड्का | सदस्य | |
| ८ | श्री श्यामकृष्ण बोहरा | सदस्य | |
| ९ | श्री राधिका यरी | सदस्य | राधिका |
| १० | श्री अनिता पुन | सदस्य | |
| ११ | श्री तिला बुढाथोकी रोका | सदस्य | |
| १२ | श्री विमल कामी | सदस्य | |
| १३ | श्री रेवती सुनार | सदस्य | रेवती |
| १४ | श्री तिला कुमारी कामी | सदस्य | तिला |
| १५ | श्री भरत कुमार वली | सचिव | |

आमन्त्रित:

श्री खगेन्द्र बहादुर शाही - प्रशासन अधिकृत

श्री केशर सिंह खड्का - का सु

श्री हुकुम वली – अ.लै.प.

CamScanner

**कपुरकोट गाउँपालिकाको मिति २०८१।०३।०६ गतेको ११२ औं गाउँ कार्यपालिका बैठकका कार्यसुचीहरु**

१. आ.व. २०८१/०८२ को वजेट सिमा निर्धारण सम्वन्धमा ।

२. हाटवजार संकलन केन्द्रको व्यवस्थापन सम्वन्धमा ।

३. सिमेन्ट फयाक्ट्रीहरुसंगको सम्झौता सम्वन्धमा ।

४. जग्गाको मुल्याङ्कन सम्बन्धमा ।

५. विविध ।

२०८१।३।०६

## कपुरकोट गाउँपालिकाको मिति २०८१।०३।०६ गतेको ११२ औं गाउँ कार्यपालिका बैठकका निर्णयहरु

१ . स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको सिफारिस अनुसार आगामी वर्ष रु ३८ करोड ९६ लाख १३ हजारको स्रोत अनुमान र बजेट सिमा निर्धारण गरि सबै शाखा र कार्यालयहरुलाई मिति २०८१।०३।१८ गतेभित्र बजेट तथा कार्यक्रम पेश गर्ने समय निर्धारण गर्ने ।

२.कपुरकोट गाउँपलिका अन्तर्गत संचलित कपुरकोट हाटबजार संकलन केन्द्र ,शितलबजार संकलन केन्द्र र हनाते संकलन केन्द्रबाट संकलन हुने सबै आम्दानीलाई कपुरकोट गाउँपलिकाको आन्तरिक राजश्व खातामा जम्मा गर्ने लगाउने र आवश्यक रकम अनुदानका रुपमा उपलब्ध गराउने साथै सफ्टवेयर प्रणालीबाट तथ्यांक संकलन गर्ने उपयुक्त सफ्टवयर , एक एक वटा कम्प्युटर र 3 in 1 प्रिन्टर खरिद गरि उपलब्ध गराउने ।

३. मिति २०७९ श्रावण २४ गतेका दिन रोल्पा सिमेन्ट प्रलि रोल्पा र घोराही सिमेन्ट इन्डष्ट्रिज प्रलि दाङसँग यस पलिकाको समझदारी अनुसार अविलम्ब सामाजिक उतरदायित्व बापतको रकम पलिकालाई उपलब्ध गराउन र सम्झौताका शर्तहरु पालना गर्न पत्राचार गर्ने अन्यथा समझदारी अन्त्य हुने बेहोरा जानकारी गराउने ।

४.जिल्ला मालपोत कार्यालयको जग्गाको मुल्यांकनमा सुझाव माग भएकोमा आगामी आवमा यस पलिका अन्तर्गतको सबै क्षेत्रको जग्गाको मुल्यांकनमा कुनै परिवर्तन नगर्न सिफारिस गर्ने ।

५.प्राविधिक शाखाबाट पेश भएको यस आवको कन्टिजेन्सि प्लान स्विकृत गरि जसमा ५५ प्रतिशत चालु खर्च गर्ने र ४५ प्रतिशत पुजिगत कार्यमा खर्च गर्ने । पुँजिगत कन्टिजेन्सि रकमबाट घुरखोलामा बाइकपास हुने कलामको पुल र गाउँपलिकाको ढल निकासको ब्यबस्थापनमा खर्च गर्ने ।

६.कृषि एम्बुलेन्सको खरिद प्रकृयाको हालसम्मको प्रगतिको समिक्षा गर्दै क्याटलग बिधिबाट यथाशक्य छिटो खरिद प्रकृया सम्पन्न गर्न निर्देशन गर्ने ।

७. आ व २०८०।८१ को तेस्रो र चौथो त्रैमसिकमा क्रमश ३३७० र ३३६३ जना सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको बिबरण अनुमोदन गर्ने ।

८.यस आवमा हालसम्म बिधेयक समितिले स्विकृत गरि पेश हुन आएका तपशिलका कानुन तथा कार्यबिधिहरु स्विकृत गर्ने ।

- परिक्षामा खटिने कर्मचारीहरुको.सेवा सुविधा सम्वन्धि मापदण्ड २०८१
- उपाध्यक्षसँग आमादिदिबहिनि कार्यक्रम संचालन कार्यबिधि २०८१
- सामुदायिक बिध्यालयहरु स्थगन,तह मिलान तथा दरबन्दि मिलान कार्यबिधि २०८१
- कृषि उपज संकलन केन्द्र सञ्चालन कार्यविधि २०८१
- कोशेलि घर,कृषि मिनिल्याव तथा परामर्श सेवा केन्द्र सञ्चालन कार्यविधि २०८१
- कृषि उत्पादनमा आधारित अनुदान वितरण कार्यविधि २०८१
- न्युनतम समर्थन मुल्य कोष सञ्चालन कार्यविधि २०८१
- कृषि एम्बुलेन्स सञ्चालन कार्यविधि २०८१
- चिस्यान केन्द्र सञ्चालन कार्यविधि २०८१

निर्णय प्रमाणित
२०८१/०३/०६

प्रमुख प्रशासकीय अधिकृत